# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक

पत्र संख्या : ०७६ /०७७
चलानी नं. : १६२८

बागमती प्रदेश, नेपाल


मिति: २०७७/०२/७

श्री वडा कार्यालय, सवै ।
चौतारा साँगाचोकगढी नगरपालिका ।

**विषय : विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा covid 19 को अवस्थामा व्यक्तिको मृत्यु भएमा मृतकको दाहासंस्कार गर्दा नजिकको परम्परागत घाटहरुको Mapping गरि ३ दिन भित्र विवरण उपलब्ध गराउन विपद पश्चातको सव व्यवस्थापन सम्वन्धि मार्गदर्शन २०६८ वमाजिमको समितिको वैठकको निर्णय भएकाले सोहि वमोजिमको विवरण ३ दिन भित्र उपलब्ध गराईदिन हुन यसै साथ उक्त निर्णयको प्रतिलिपि संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

(कृष्ण प्रसाद पाण्डे)
प्रमुख प्रशासकिय अधिकृत

विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन २०६८ प्रथम संशोधन २०७६ को दफा ५.२. अनुसारको समितिको बैठक समितिका संयोजक जिल्ला प्रहरी प्रमुख प्र.ना.उपरिक्षक श्री प्रज्वल महर्जनको संयोजकत्वमा आज मिति २०७७।०२।०७ गते का दिन बस्यो । मार्गदर्शन २०६८ अनुसार विपद्को समयको शव व्यवस्थापन मात्र उल्लेख भएकोले हालको कोभिड-१९ को अवस्थामा व्यक्तिको मृत्यु भएमा के कसरी शवको उचित व्यवस्थापन गर्नुपर्ने भन्ने विषयमा बैठक बसी देहाय अनुसारको उपस्थितिमा देहायको निर्णय गरियो ।

**उपस्थतिः**

१. जिल्ला प्रहरी प्रमुख प्रहरी उपरिक्षक श्री प्रज्वल महर्जन - संयोजक

२. नि.मे.सु. डा.सदिना देवकोटा चौतारा अस्पताल - सदस्य

३. समन्वय अधिकारी श्री महेन्द्र नाथ भट्टराई जि.स.समिति - सदस्य

४. सेनानी श्री मनोज थापा मगर गोरख बक्स गण - सदस्य

५. स.प्र. (स.ई) श्री उमेश खत्री - सदस्य

६. उ.स.नवौ तह श्री विदुर धिमाल चौ.सा.गढी.न.पा - सदस्य

७. मन्त्री श्री कमलचरण कक्षपति ने.रे.सो.सि.पा - सदस्य

८. स.प्र.जि.अ. श्री बाबुराम खनाल जिल्ला प्रशासन कार्यालय - सदस्य सचिव

**आमन्त्रितः**

१. प्र.ना.उ.श्री माधव प्रसाद काफ्ले

२. व.ज.अ. श्री दुर्गादत्त चापागाई

**निर्णयहरुः**

१. मृतकको दाहसंस्कार गर्दा नजिकको परम्परागत घाटको प्रयोग गर्ने सो को लागी त्यस्ता घाटहरुको Mapping गरी तीन दिन भित्र विवरण उपलब्ध गराउन स्थानीय तहलाई अनुरोध गर्ने । यस्तो विवरण उपलब्ध गराउदा महामारीले भारी मात्रामा मृत्यु हुने अवस्था भएमा समेत शव व्यवस्थापन गर्न सकिने गरी स्थानको Mapping गर्ने ।

२. Dedicated शववाहन तोक्ने ।

३. शव व्यवस्थापन गर्दा कोभिड-१९ ले अस्पतालमा हुने मुत्यु, सवारी साधन पुग्न सक्ने अवस्थामा घरमै हुने मृत्यु र मृतकको घर सम्म सवारी साधन नपुग्ने अवस्थामा भएको मृत्युलाई आधार मानी व्यवस्थापन गर्नको लागी आगामी बैठकमा थप निर्णय गर्ने ।

४. प्रत्येक स्थानीय तहलाई महामारिको अवस्था सृजना भएको अवस्थामा शव व्यवस्थापन गर्न एक (सवारी साधन पिकअप वा ड्राइभर सहित छुट्टै भाग भएको) सवारी साधनको व्यवस्था गर्न अनुरोध गर्ने ।

५. नेपाल रेडक्रस सोसाइटीले स्थानीय र जिल्ला स्तरमा स्वोच्छिक रुपमा शवको व्यवस्थापन गर्न इच्छुक व्यक्ति वा संस्था उपलब्ध हुन सक्ने भए पहिचान गरी अर्को बैठकमा पेश गर्ने ।

६. कोभिड-१९ को कारणले कुनै व्यक्तिको मृत्यु भएमा लाश व्यवस्थापन गर्न तोकिएका उल्लेखित सामाग्रीहरु जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिमा तयारी अवस्थामा आवश्यक मात्रामा राख्ने व्यवस्था मिलाउने ।

| सामाग्री | विवरण |
|---|---|
| हातले नियमित सरसफाई | • Alchol based hand rub (hand sanitizer)<br>• Running water<br>• Soap<br>• हात सुकाउनको लागि (Disposable towel, Tissue paper, paper towel) |
| व्यक्तिगत सुरक्षात्मक उपकरणहरु (Personal Protective Equipment) | • Gloves<br>• Gumboots<br>• Baby suit<br>• Waterproof apron<br>• Long sleeve apron<br>• Anti-fog goggles<br>• Face shield<br>• Surgical Mask<br>• N95 mask (for aerosol generation proecdures) |
| फोहोर व्यवस्थापन र वातावरण सरसफाई | • Disposal bag for bio-hazardous waste<br>• साबुन पानी (किटाणु रहित पारि सफा गर्न 70% ethical, 1% hypochlorite |
| शव गृहमा मृत शरीर व्यवस्थापन गर्न | • Soap/detergent<br>• Running water<br>• Gloves<br>• Gumboots<br>• Babysit<br>• Goggles<br>• Surgical Mask<br>• Goggles<br>• Gown<br>• Waterproof plastic apron |

७. उपरोक्त निर्णयहरु DCCMC मा पेश गर्ने ।